मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

**गणतन्त्र दिवस भव्यरूपमा मनाऔं**

लोकतान्त्रिक गणतन्त्रका उपलब्धीलाई संस्थागत गरौं । संघ, प्रदेश एवम् स्थानीय सरकारबीच समन्वय र सहकार्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

◆ वर्ष : २९ ◆ अङ्क : २२४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ असार १६ गते आइतबार (Sunday, 30 June 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

# ५०% रोपाइँ मनसुनी वर्षाकै भरमा

**काठमाडौँ, असार १५।** कृषि तथा पशुपक्षी मन्त्रालयका अनुसार झण्डै ५० प्रतिशत रोपाइँ मनसुनी वर्षाकै भरमा हुने गरेको छ। सबै क्षेत्रमा सिँचाइको सुविधा नहुँदा किसानले रोपाइँ गर्न आकाशे पानीकै भर पर्नुपरेको हो। रोपाइँ गर्न किसानले कहिले आकाशबाट पानी पर्ला भनेर कुर्नुपर्ने अवस्था यथावत छ।

कृषि मन्त्रालयको तथ्याङ्क अनुसार यस वर्ष देशभर ९ दशमलव ८ प्रतिशत मात्रै धान रोपाइँ भएको छ। गत वर्ष असार १५ गतेसम्म करिब ८ दशमलव ७५ प्रतिशत मात्र धान रोपाइँ भएको थियो। कृषि मन्त्रालयका सूचना अधिकृत महानन्द जोशी यस वर्ष मनसुन छिटो भित्रिए पनि ढिलो सक्रिय हुँदा धान रोपाइँ सन्तोषजनक नरहेको बताउँछन्।

हालसम्म अधिकांश सिँचाइ सुविधा पुगेका क्षेत्रमा मात्रै धान रोपाइँ भएको छ- उनले भने- कतिपय स्थानमा राम्रोसँग वर्षा भएको छैन, कहिले वर्षा होला र धान रोपौँला भनेर किसान पर्खाइमा छन्। मन्त्रालयको तथ्याङ्कअनुसार कोशी प्रदेशमा असार १२ गतेसम्ममा धान रोपाइँ ५ दशमलव ६ प्रतिशत भएको थियो। सो प्रदेशमा गत वर्ष असार १० गतेसम्म ६.५ प्रतिशत धान रोपाइँ भएको थियो। पूर्वी क्षेत्रमा ढिलो गरी धान रोप्ने गरिन्छ। मधेस प्रदेशमा भने गत वर्ष र यस वर्ष बराबर नै रोपाइँ भएको पाइएको छ। सो प्रदेशमा यस वर्ष २ दशमलव ५ प्रतिशत मात्रै धान रोपाइँ भएको तथ्याङ्क छ। गत वर्ष सोही अवधिमा २ दशमलव ५ प्रतिशत नै रोपाइँ भएको थियो।

यसैगरी बागमती प्रदेशमा यस वर्ष ५ प्रतिशत मात्रै रोपाइँ भएको छ। गत वर्ष सो प्रदेशमा १८ दशमलव ३ प्रतिशत रोपाइँ भएको थियो। गण्डकी प्रदेशमा गत वर्ष यही समयमा ६.९ प्रतिशत रोपाइँ भएकामा यस वर्ष ८.३ प्रतिशत रोपाइँ भएको छ।

यसैगरी लुम्बिनी प्रदेशमा यस वर्ष अघिल्लो वर्षको तुलनामा कम रोपाइँ भएको छ। गत वर्ष लुम्बिनी प्रदेशमा १० दशमलव ९ प्रतिशत रोपाइँ भएकोमा यस वर्ष ८ दशमलव ८ प्रतिशत रोपाइँ भएको छ। कर्णाली प्रदेशमा गत वर्ष २२ दशमलव ६ प्रतिशत रोपाइँ भएकामा यस वर्ष २३ दशमलव ९ प्रशित रोपाइँ भएको छ। सुदूरपश्चिममा गत वर्ष २२ दशमलव ६ प्रतिशत रोपाइँ भएकामा यस वर्ष हालसम्म २५ प्रतिशत रोपाइँ भएको छ। सुदूरपश्चिममा अन्य प्रदेशभन्दा चाँडो



रोपाइँ शुरु हुने भएकाले अन्य प्रदेशको तुलनामा बढी रोपाइँ भएको सूचना अधिकृत जोशीको भनाइ छ।

सूचना अधिकृत जोशीका अनुसार साउन महिनाको अन्तिमसम्म ९० प्रतिशत रोपाइँ सम्पन्न हुने प्रक्षेपण गरिएको छ। मुलुकको सबै क्षेत्रमा सिँचाइ सुविधा पुग्न सकेको छैन, तसर्थ कृषि मन्त्रालयले सिँचाइ कुलो विस्तार गरेर धान रोपाइँलाई प्रवर्द्धन गर्दैछ- उनले भने -कहिले खडेरीले धानको बीऊ सुक्ने त कहिले पानी नपर्दा सिँचाइ गर्न नसकिने जस्ता समस्याका कारण धान उत्पादनमा ह्रास आउने गरेको छ।

राष्ट्रिय धान अनुसन्धान कार्यक्रमका संयोजक मधुरा यादवले धान उत्पादन वृद्धिका लागि मुलुकका सबै क्षेत्रमा सिँचाइ सुविधा पुग्न आवश्यक रहेको बताए। सबै स्थानमा सिँचाइ सुविधा पुग्न नसक्दा कहिले रोपाइँ नै नहुने कहिले ढिलाइ हुने त कहिले बीऊ नै राख्न नपाउने अवस्था छ।

रोपाइँपछि पनि सिँचाइको सुविधा नहुँदा धान उत्पादनमा कमी आएको छ- उनले भने- मुलुकको शतप्रतिशत क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याउन सके धान उत्पादनमा वृद्धि भई आयात प्रतिस्थापन गर्न सकिन्छ।

मन्त्रालयका अनुसार आव २०८०/०८१ को जेठ मसान्तसम्ममा रु. ८८ करोड ६५ लाख बराबरको धानको बीऊ आयात गरिएको छ। सो अवधिमा करिब रु. ११ अर्ब ५५ करोडको धान आयात गरिएको छ। सो अवधिमा रु. आठ अर्ब ६९ करोड बराबरको चामल तथा रु. नौ लाख २० हजार मूल्य बराबरको कनिका आयात भएको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार यस वर्ष तीन दिनअगावै मुलुकको पूर्वी क्षेत्रबाट मनसुन शुरु भएको थियो। सामान्यतया जुन १३ तारिखदेखि मनसुन नेपाल भित्रिने गरे पनि यस वर्ष जुन १० तारिखमा नै मनसुन भित्रिएको थियो। विभागका अनुसार मुलुकभर मनसुन फैलिन भने समय लागेको थियो। यस वर्ष जुन २३ तारिखमा मात्रै मुलुकभर मनसुन फैलिएको हो। मनसुन छिटो फैलिए पनि धान रोपाइँ सन्तोषजनक नभएको कृषि मन्त्रालयले जनाएको छ।

यस वर्षको मनसुन अवधिमा मुलुकभर औसतभन्दा बढी वर्षा हुने प्रक्षेपण गरिएको छ। विभागका अनुसार सुदूरपश्चिम प्रदेशको उत्तर-पश्चिमी भूभाग, बागमती प्रदेशको दक्षिण-पूर्वी भूभाग, मधेस प्रदेशको मध्य भूभाग र कोशी प्रदेशको मध्य तथा मध्यपश्चिमी भूभागमा सरदर नै वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ। देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ५५ प्रतिशत छ।

मौसम पूर्वानुमान महाशाखाका मौसमविद् प्रतिमा मानन्धरले मनसुन सक्रिय रहने र आइतबारसम्म मुलुकको विभिन्न स्थानमा वर्षाको सम्भावना छ। आगामी केही दिनमा मनसुनको न्यून चापीय रेखा पूर्णरूपमा विकसित भई सरदर स्थानभन्दा उत्तरतर्फ (नेपाल नजिक) अवस्थित रहने र यसका कारण आगामी केही दिन नेपालमा मनसुन थप सक्रिय हुने सम्भावना रहेको उनको भनाइ छ।

आइतबारसम्म देशभर साधारणदेखि पूर्णतया बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। साथै गण्डकी प्रदेशका केही स्थानमा, कोशी, बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा तथा मधेस र कर्णाली प्रदेशका एक-दुई स्थानमा मेघ

(बाँकी अन्तिम पृष्ठमा)

## कोशीमा १४% रोपियो धान

**मोरङ, असार १५।** अन्नको भण्डार मानिने कोशी प्रदेशमा हालसम्म १४ प्रतिशत मात्र धान रोपाइँ भएको छ।

यहाँ दुई लाख ७६ हजार तीन सय ८३ दशमलव ७२ हेक्टर जमिनमा धान रोपिने भए पनि हालसम्म ३७ हजार आठ सय ८० दशमलव ३५ हेक्टर जमिनमा मात्र धान रोपाइँ भएको कोशी प्रदेश कृषि विकास निर्देशनालयले जनाएको छ। कोशीमा गतवर्ष असार १४ गतेसम्म १६ दशमलव ९६ प्रतिशतमा धान रोपाइँ गरिएको थियो।

प्रदेशका १४ जिल्लामध्ये सबैधन्दा धेरै झापामा र सबैभन्दा कम सोलुखुम्बूमा धान रोपिने गरेको निर्देशनालयकी सूचना अधिकृत पूर्णमाया गुरुङले जानकारी दिइन्। झापामा सबैभन्दा धेरै ७५ हजार सात सय ५९.१८४ हेक्टरमा र सोलुखुम्बूमा सबैभन्दा कम एक हजार दुई सय २५ हेक्टरमा धान रोपिने गरेको उनले बताइन्।

हालसम्म झापामा ११ दशमलव ३५ प्रतिशत, मोरङमा १०, सुनसरीमा ११, ताप्लेजुङमा २९ दशमलव ४०, संखुवासभामा सात प्रतिशत, सोलुखुम्बूमा ३५, पाँचथरमा २९, इलाममा ३०,

(बाँकी अन्तिम पृष्ठमा)

## राष्ट्रिय धान दिवस मनाइयो



**अर्जुनधारा, असार १५।** जलवायुमैत्री कृषि-धान उत्पादनमा वृद्धि भन्ने मुख्य नारासहित २१ औं राष्ट्रिय धान दिवस झापाको कृषि विकास शाखा अर्जुनधाराको आयोजनामा विविध कार्यक्रम गरी मनाइएको छ।

अर्जुनधारा-१ स्थित शान्ति कृषक समूहको व्यवस्थापन सहयोगमा जीवनचोकमा शनिवार आयोजित कार्यक्रम अन्तर्गत डिकबहादुर दर्लामी मगरको खेतमा बेठीसहितको रोपाइँ, सर्वोत्कृष्ट एवम् उत्कृष्ट कृषक समूह र कृषि फार्मलाई सम्मान, हिले दौड प्रतियोगिता, दहीचिउरा वितरणलगायतका कार्यक्रमहरु सञ्चालन गरिएको थियो।

नगर प्रमुख बलदेवसिंह गोम्देन तामाङको अध्यक्षतामा आयोजित कार्यक्रममा सर्वोत्कृष्ट कृषक समूह र सर्वोत्कृष्ट कृषि फार्मको सम्मान क्रमशः अर्जुनधारा- १० स्थित ज्योति कृषक समूह र अर्जुनधारा-२ स्थित अर्ग्यानिक कृषि फार्मलाई जनही नगद पुरस्कार १५ हजारसहित सम्मान पत्र प्रदान गरिएको थियो।

त्यसैगरी उत्कृष्ट कृषक समूह र उत्कृष्ट कृषि फार्मको सम्मान क्रमशः अर्जुनधारा-१ स्थित संकल्प कृषक समूह, अर्जुनधारा-९ स्थित जागृति कृषक समूह र अर्जुनधारा-१ स्थित तुलसा कृषि तथा पशुपंक्षी कृषि फार्मलाई जनही नगद १० हजारसहित सम्मान पत्र प्रदान गरिएको थियो।

त्यस्तै पुरुष हिले दौड प्रतियोगितातर्फ प्रथम, द्बितीय र तृतीय हुने क्रमशः कुलचन्द्र गौतम, रमेश अधिकारी र देवमणि ढकाल र महिला हिले दौड प्रतियोगितातर्फ प्रथम, द्बितीय र तृतीय हुने निकिता मिश्र, रञ्जिता नेपाल र जमुना सुवेदीलाई नगद पुरस्कार जनही रु. १५ सय, एक हजार र पाँच सय प्रदान गरिएको थियो।

यता पुरुष जनप्रतिनिधि-कर्मचारी हिले दौड प्रतियोगितातर्फ प्रथम मदनकुमार लिमेल मगर, द्बितीय कृष्णराज जोशी र तृतीय सीताराम भट्टराई भएका थिए। त्यस्तै महिला जनप्रतिनिधि- कर्मचारी हिले दौड प्रतियोगितातर्फ प्रथम इन्द्रकुमारी विश्वकर्मा, द्बितीय देवीका सुवेदी र तृतीय चन्द्रमाया

(बाँकी अन्तिम पृष्ठमा)

## मधेस: उमेर नपुगी विवाह गर्ने ५०%

**महोत्तरी, असार १५।** राष्ट्रिय जनगणना - २०७८ को तथ्याङ्कअनुसार मधेसमा २० वर्ष नपुगी विवाह गर्ने किशोरीको सङ्ख्या ५० प्रतिशतभन्दा बढी देखिएको छ।

राष्ट्रिय जनगणनामा उल्लेख गरिएको विवरण अनुसार १५ देखि १७ वर्षभित्र विवाह गर्ने २७.७ प्रतिशत छन्। यसैगरी १० देखि १४ वर्षको उमेरभित्र विवाह गर्ने ९.३ प्रतिशत र १० वर्ष उमेर मुनि विवाह गराइने ०.२ प्रतिशतसहित यो सङ्ख्या ३७.२ प्रतिशत हुन्छ।

१८ र २० वर्ष उमेरबीच विवाह गर्ने ३९.५ प्रतिशत छन्। दुलाहाको उमेर २० देखिए पनि दुलही १७ वर्षका पाइएका छन्। उमेर नपुगी विवाह भएका महिला ३९.५ को आधा हुँदा कूल उमेर नपुगी विवाह हुनेको सङ्ख्या ५० प्रतिशतमाथि पुग्ने देखिएको बालविवाहविरुद्ध सामाजिक अभियान सञ्चालन गर्दै आएको रत्यौली युवाक्लबका अध्यक्ष वैद्यनाथ चौधरीले जानकारी दिए।

मधेसमा विवाह हुने सालाखाला औसत उमेर नै १८ वर्ष रहेको राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अभिलेखमा उल्लेख छ। पुरुषको उमेर २० वर्ष भए पनि महिला १७ वर्षसम्मका पाइएका छन्।

बालविवाहको यो पाटोबाहेक अनमेल विवाह हुँदा पनि बालविवाहमा पर्ने किशोरी नै बढी रहेका देखिएको चौधरीले बताए। पछिल्ला केही वर्षयता अनमेल विवाह घट्दै गए पनि समाजमा पाको उमेरका पुरुषको सम्पति हेरेर उमेर

(बाँकी अन्तिम पृष्ठमा)






# खसी, बोकाको बिक्री बढ्दै



**धरान, असार १५।** धरान उपमहानगरपालिका-१३ स्थित कृषिउपज बजारमा दैनिक उपभोग्य वस्तुका साथै खसी, बोका किनबेचको व्यापार बढ्न थालेको छ। साताको दुई दिन खसी बोकाको व्यापार हुने कृषि बजारमा तराईका ग्रामीण र पहाडी भेगबाट व्यापारी आउने गरेका छन्।

मोरङको केराबारी गाउँपालिकाबाट खसी बोका बिक्री गर्न धरान आएका जय लिम्बूले दुई वर्षदेखि पशुपालन गर्दै आएका छन्। केराबारीमा महिनाको दुईपटक खसी बोका बिक्री गर्दै आएको छु। यहाँ पहिलोपटक आएकाले चारवटा खसी मात्र ल्याएको छु- उनले भने - खसी साना भएकाले जोडीको रु. १५ हजारमा बिक्री गरिरहेको छु। उनका अनुसार अहिले उनको फार्ममा १६ वटा खसी छन्।

धनकुटा साँगुरीगढी-७ की किसान ममता राईले धरानस्थित कृषि बजारमा खसीबोका बिक्री गर्न सधैं आउने गरेको बताइन्। खसीबोका बिक्रीबाट वार्षिक रु. छ लाखभन्दा बढी आम्दानी भइरहेको उनले जानकारी दिइन्। पशुपालन पुर्ख्यौली पेशा भएकाले यसलाई निरन्तरता दिएको राईले बताइन्। घाँसभन्दा अन्न र दाना बढी खुवाउने गरेकी छु। घाँस खुवाउँदाको तुलनामा खर्च बढी भए पनि प्रशस्त नाफा हुने गरेको छ- उनले भनिन्।

मोरङको कानेपोखरीबाट व्यापारी चन्द्र खड्का प्रत्येक साता कृषि बजारमा खसीबोका किन्न आउँछन्। बजारबाट एक सयदेखि एक सय ५० वटासम्म खसीबोका किनेर लैजाने गरेको उनले सुनाए। यहाँबाट किनेका खसीबोका जिल्ला बाहिर निर्यात गर्दै आएको छु। यसरी खसीबोका खरिद गरी बिक्री गर्न थालेको २३ वर्ष भइसकेको छ- उनले भने। काठमाडौं, जनकपुर, लहान, इटहरी, इनरूवा पोखरालगायत क्षेत्रमा खसीबोका बिक्री गर्ने गरेको खड्काले बताए। उनका अनुसार सबै खर्च कटाएर मासिक रु. ७० हजारसम्म नाफा हुने गरेको छ।

बिहीबार र शुक्रबार लाग्ने उक्त खसी बजारबाट सातामा करिब तीस हजारभन्दा बढी खसीबोका बिक्री हुने गरेको कृषिउपज बजार व्यवस्थापक अध्यक्ष लक्ष्मण भट्टराईले जानकारी दिए। उनका अनुसार बजारमा चालू आर्थिक वर्षको असार १० गतेसम्ममा रु. दुई अर्ब बराबरको कारोबार भएको छ।

अध्यक्ष भट्टराईले भने- पछिल्लो समय धरानमा पशुपालन बढेसँगै खसीबोकाको किनबेच पनि बढेको छ। वार्षिक एक लाख ६० हजार वटासम्म बिक्री हुने गरेको छ। धनकुटा, भोजपुर, सङ्खुवासभा, पाँचथर, तेह्रथुमका साथै तराईका सुनसरीको इटहरी, मोरङको कानेपोखरी, बेलबारी लगायतका स्थानबाट कृषक तथा व्यापारी किनबेचका लागि यहाँ आउने गरेका उनको भनाइ छ। यहाँबाट मुलुकको ठूला शहरका साथै भारतसम्म खसीबोका निर्यात हुने गरेको उनले जानकारी दिए।

## वीरता जेसीजले मनायो धान दिवस



**बिर्तामोड, असार १५।** वीरता जेसीज बिर्तामोडले यस बर्ष फरक कार्यक्रमका साथ राष्ट्रिय धान दिवस मनाएको छ।

जेसीजले शनिवार धान दिवस तथा असार १५को अवसर पारी सामुहिक रोपाइँ, दहीचिउरा खाने कार्यक्रमसहितको समारोह सम्पन्न गरेको हो।

जेसीजले विर्तामोड-३ स्थित प्रभात मास्केको खेतमा सामुहिक रोपाइँ सम्पन्न गरेको हो। कृषि कार्यप्रति सम्मान व्यक्त गर्दै युवालाई त्यसतर्फ आकर्षित गरी कृषिमा आत्मनिर्भर बन्दै निर्यातमुखी अर्थतन्त्रमा टेवा पुऱ्याउने सन्देशका साथ कार्यक्रम आयोजना गरिएको वीरता जेसीजका अध्यक्ष विकास बस्नेतले बताए। अध्यक्ष बस्नेतको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि नेपाल जेसीजका पूर्वराष्ट्रिय कार्यकारिणी उपाध्यक्ष तथा सामाजिक अभियन्ता विनोद बस्नेतले कार्यक्रमको उद्घाटन गरेका थिए।

कार्यक्रममा नेपाल जेसीजका राष्ट्रिय तालिम आयुक्त सुयोग खनाल, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्ट, बाह्रदशी जेसीजका महासचिव सञ्जय साह लगायतले शुभकामना व्यक्त गरेका थिए।

कार्यक्रममा बिर्तामोड -३ का वडाध्यक्ष मदन बुढाथोकी, बिर्तामोड खानेपानीका अध्यक्ष मेघराज बाँस्तोला, नेपाल जेसीजका प्रशिक्षक सेवक बजगाँई, प्रवेश दुलाल, महिला मुक्ति अभियानकी अध्यक्ष राधा सुब्बा लगायतको आतिथ्य थियो।

महासचिव सुमन पोद्दारले सञ्चालन गरेको कार्यक्रममा संयोजक अजय अधिकारीले स्वागत, बसन्त ढकालले आस्था वाचन र जुनियर जेसीजकी निसिम थाम्सुहाङले जेसीआई मिसन भिजन वाचन गरेकी थिइन्।

## ‘माइली’ बन्दै प्रियंका



२०७५ सालमा रामबाबु गुरुङको निर्देशनमा फिल्म ‘साइँली’ बनेको थियो। अब ‘माइली’ नाममा पनि फिल्म बन्ने भएको छ। बाबु साहेब बलामीको निर्देशनमा बन्न लागेको फिल्ममा अभिनेत्री प्रियंका कार्की मुख्य भूमिकामा अनुबन्ध भएकी छन्।

फिल्ममा उनी माइलीको भूमिकामा देखिने निर्देशक बलामीले जानकारी दिए। प्रियंकासँग निर्माण टिमले यसै साता कागजी सम्झौता गरेको हो।

प्रियंका यतिबेला फिल्म ‘रावायण’को छायांकनमा व्यस्त छिन्। चाँडै उनी आफैं एक्सन फिल्म समेत बनाउने तयारीमा छिन्। कुनै समय ‘नम्बर वान’ अभिनेत्रीको पगरी गुथेकी उनको विवाहपछि करिअर सन्तुलित बन्न सकेको छैन। यसैले उनलाई एउटा सोलो हिट फिल्मको खाँचो छ। ‘माइली’ व्यावसायिक रुपमा सफल भएको अवस्थालाई उनको धरमराउँदो करिअरलाई राहत मिल्नेछ।

रुना इन्टरटेनमेन्टको प्रस्तुतिमा बन्न लागेको फिल्ममा प्रियंका ग्रामीण भूमिकामा प्रस्तुत हुने जनाइएको छ। यही असार अन्तिमबाट छायांकन शुरु गर्न लागिएको फिल्मलाई मकवानपुरको वीरखर्ग, कुलेखानी, काठमाडौं र दुबईमा खिचिने निर्देशक बलामीले बताए। ‘माइली’मा शंकर अधिकारी ‘घायल’को गीत रचनासहित पटकथा तथा संवाद लेखन र राजेन्द्र बजगाईंको गीतमा संगीत रहनेछ।

निर्देशक बलामीले सत्य घटनामा आधारित भएर फिल्म बन्न लागेको बताए। फिल्ममा महिलाको पीडा र संघर्षलाई देखाइने उनको भनाइ छ। ‘दलित महिलाको श्रीमान् नभएपछि समाजले ऊमाथि कस्तो दृष्टि लगाउँछ ? उसलाई स-साना छोरीहरु हुर्काउन कति कठिन हुन्छ ? नेपाली समाजले जातीयताको आडमा कसरी प्रताडित गरिरहेको छ भन्ने विषयवस्तुमा फिल्म बन्नेछ’- बलामीले भने।

## एसईई उत्तीर्णलाई सम्मान



**सुरुङ्गा, असार १५।** सुरुङ्गास्थित प्यारागन एकाडेमीले सो विद्यालयबाट एसइईमा उत्तीर्ण विद्यार्थीलाई सम्मान गरेको छ।

सो विद्यालयबाट एसइई-२०८० मा १२ जनाले ३.६१ भन्दा माथिको जीपीए, २७ जनाले ३.२१ देखि ३.६० सम्म जीपीएसहित ५३ जना विद्यार्थीले उत्तीर्ण गरेका थिए। उत्तीर्ण सबैलाई खादा र अबिर लगाएर सम्मान गरिएको थियो। प्यारागन एकाडेमीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चम्पा सुबेदीको अध्यक्षतामा भएको कार्यक्रममा कन्काई माध्यमिक विद्यालय सुरुङ्गाका सहायक प्रअ तीर्थराज खरेल, सिद्धार्थ बैंक लिमिटेड सुरुङ्गा शाखा प्रबन्धक श्याम नेपाल, नेपाल बैंक लिमिटेड काँकरभिट्टाका अधिकृत राम खरेल, प्यारागनका शैक्षिक संयोजक सीएन भण्डारी, शिक्षक लक्ष्मी सुवेदी लगायतले बधाई तथा शुभकामना व्यक्त गरेका थिए। सो अवसरमा उत्तीर्ण विद्यार्थीहरू विधान श्रेष्ठ, सन्ध्या खतिवडा लगायतले विद्यार्थीका तर्फबाट धन्यवाद दिएका थिए।

कन्काई मावि विज्ञान कार्यक्रम संयोजक साजनकुमार लिम्बू, सञ्चारकर्मी सीएम शर्मा, अभिभावक ललिबहादुर बोहरा लगायतको सहभागिता रहेको कार्यक्रमको सञ्चालन प्रिन्सिपल दीपक भट्टराईले गरेका थिए।

## कमलमा सामुहिक रोपाइँ

**कमल, असार १५।** नेकपा एमाले कमल गाउँ कमिटी तथा अखिल नेपाल किसान महासंघ कमल गाउँ कमिटीको आयोजनामा शनिवार सामुहिक रोपाइँ गरेर २१ औं राष्ट्रिय धान दिवस मनाएको छ।



जलवायु मैत्री कृषि, धान उत्पादनमा वृद्धि भन्ने मूल नाराका साथ सामुहिक रोपाइँ गरेर धान दिवस मनाइएको हो। प्रमुख अन्न बालीको रुपमा रहेको धानको आयात प्रतिस्थापन गदै निर्यात बढाउन सहयोग पुर्याउने उद्देश्यले यस्ता दिवस मनाउने गरिन्छ।

कार्यक्रममा बोल्दै हाम्रा खेर गइरहेका जमिनमा उत्पादन बढाउन लाग्नुपर्ने नेकपा एमाले केन्द्रिय कमिटी सदस्य मेनुका काफ्ले बताइन्।

अखिल नेपाल किसान महासंघले हरेक वर्ष राष्ट्रिय धान दिवस मनाउँदै आएको छ।

त्यसैलाई निरन्तरता दिँदै कार्यक्रम आयोजना गरिएको आयोजकले बताएको छ। कार्यक्रममा अखिल नेपाल किसान महासंघका केन्द्रिय उपाध्यक्ष बेनु शिवाकोटीले बोलेका थिए।

नेकपा एमाले कमल गाउँकमिटी अध्यक्ष हरि ढकालको अध्यक्षता तथा केन्द्रिय कमिटी सदस्य मेनुका काफ्लेको प्रमुख अतिथ्यमा कमल -५ स्थित भीमलाल तिवारीको खेतमा सामुहिक रोपाइँ गरेर दिवस मनाएको बताइएको छ।

कार्यक्रममा जिल्ला कमिटी सदस्य, गाउँकमिटी सदस्य, प्रदेश कमिटी सदस्य लगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन अखिल नेपाल किसान महासंघ जिल्ला कमिटी सचिव छविलाल गुरागाँईले गरेका थिए। कार्यक्रममा किसान महासंघ कमल गाउँ कमिटीका अध्यक्ष डम्बरबहादुर निरौलाले स्वागत गरेका थिए।

# ‘जारी २’ हो ‘घरज्वाइँ’ ?

सुपरस्टार दयाहाङ राईले अचेल आदिवासी जनजाति समुदायको कथामा बनेका फिल्महरु बढी गरिरहेका छन्।

चाहे त्यो ‘कबड्डी’ होस् या ‘जारी’, ‘गाउँ आएको बाटो’ वा ‘दयारानी’ नै किन नहोस्। कहिले लिम्बू त कहिले थकाली चरित्रमा देखिरहेका हुन्छन्। यो समुदायको कथामा उनी करिब निर्विकल्प रोजाई बनेका छन्। एकपटक फेरि उनी फिल्म ‘घरज्वाइँ’मा मगर चरित्रमा देखिँदैछन्।

तर, यसै साता सार्वजनिक ट्रेलरका केही दृश्य र संवादले गर्दा धेरैले फिल्मलाई ‘जारी’सँग दाँजेका छन्। बिहीबार ट्रेलर सार्वजनिक कार्यक्रममा पनि पत्रकारले दयाहाङलाई सोधेका थिए- ‘कताकता ‘जारी २’ देखिन्छ त ?’ तर, यसरी नहेर्न उनले आग्रह गरे। दुवै फिल्मको विषय फरक रहेको उनको दाबी छ। ‘घरज्वाइँ’लाई ‘जारी’को रुपमा हेरिनु हुँदैन। विषय ठ्याक्कै उल्टो छ,’- उनले भने।

फिल्मका निर्देशक अनिल बुढा मगरले पनि ‘घरज्वाइँ’लाई ‘जारी’को रुपमा नहेर्न अनुरोध गरे। ‘दुवै फिल्मको विषय नै फरक हो। ‘टेस्चर’ र ‘कलर’ फरक छ। ट्रेलरको अन्तिममा बज्ने ‘यानी माया’ म्युजीकको रिदममा हामीले काम गरेका छौं। कलाकारहरुको हिडाइँदेखि बोलाइँसम्म त्यही रिदममा छ,’- उनले भने। सांस्कृतिक रुपमा भने ‘जारी’सँग केही कुरा मिल्न सक्ने उनको भनाइ छ।




फिल्मको ट्रेलरमा अशिष्ट शब्द पनि भरमार छ। विशेषगरी झैझगडाका दृश्यमा। फिल्मले मगर समुदायको कथा उठाएकाले त्यहाँ त्यस्ता शब्दहरु सामान्य मानिने दयाहाङको बुझाइ छ। यद्यपि, स्क्रिप्ट पढ्ने बेलामा उनलाई पनि केही शब्द ‘भल्गर’ लागेको रहेछ। तर, अरुले सुन्दा त्यो नराम्रो लाग्ने भए पनि मगर समुदायमा भने त्यस्ता शब्दहरु एकदमै धेरै र सहजै बोलिने उनको अनुभव छ।

दयाहाङ अगाडि भन्छन्, -यी शब्दहरु सुन्दा धेरैलाई ‘भल्गर’ नै लाग्छ। स्क्रिप्ट पढ्ने बेलामा मलाई पनि त्यस्तै लागेको थियो। यो त हाम्रोतिर बढी बोलिन्छ भन्ने भएको थियो। तर, मगर समुदायमा झन् बढी बोलिने रहेछ। हामीले सुन्दा चाहिँ त्यो गाली जस्तो लाग्छ तर मगर समुदायमा सजिलै त्यो उच्चारण गरिन्छ। यो समुदायमा बसेर हेर्दा यस्ता शब्दहरु आपत्तिजनक हुन् भन्ने मलाई लाग्दैन।

निर्देशक मगरले पनि मगर समुदायमा त्यस्ता शब्दहरुको प्रयोग निकै सामान्य मानिने भएकाले फिल्ममा पनि राखिएको स्पष्ट पारे। मगर समुदायमा त्यस्ता शब्द सामान्य मानिन्छ। हामीले फिल्ममा समावेश गरेको शब्दभन्दा पनि बढी ‘भल्गर’ बोलिन्छ। फिल्ममा त्यहींको कथा उठाएकाले पनि हामीले थोरै मात्र राखेका छौं- उनले भने। ‘घरज्वाइँ’ यही असार २८ गतेदेखि प्रदर्शनमा आउँदैछ।

### मधेश ...

नपुगेकी छोरी दिनेहरु समाजमा अझै बाक्लै रहेका उनको भनाइ छ।

बालविवाहको यो अवस्था अन्त्य गर्न जिल्लाका स्थानीय तहले विभिन्न सामाजिक संस्थासँगको सहकार्यमा सामाजिक जागरण अभियान सञ्चालन गर्दै आएका छन्। मटिहानी, बलवा, मनराशिशवा, जलेश्वर र लोहारपट्टी नगरपालिका तथा पिपरा र महोत्तरी गाउँपालिकामा बालविवाहविरुद्ध सामाजिक जागरणका लागि विवाह प्रणाली सुधार परियोजना सञ्चालन भइरहेका मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलले जानकारी दिए।

यी सात स्थानीय तहका ४९ वटा विद्यालयमा बालविवाह अन्त्यका लागि जीवनोपयोगी शिक्षा र व्यवहार परिवर्तन सम्बन्धी सैद्धान्तिक कक्षा, छलफल र अभ्यास भइरहेका जनाउँदै यसबाट सकारात्मक परिणाम प्राप्त भइरहेको नगरप्रमुख मण्डलले बताए।

बालविवाह न्यूनीकरणका लागि स्थानीय सरकारले विद्यालयमा बालबालिका र अभिभावकबीच जनचेतनामूलक कार्यक्रम, सडक नाटक प्रदर्शन, बालक्लबको गठन, तालिम र बालमैत्री शासनलगायत कार्यक्रम सञ्चालन गराइरहेका छन्।

मटिहानी नगरपालिकाले उमेर पुगेपछि छोराछोरीको विवाह गराउने अभिभावक, विवाह विधि सम्पन्न गराउने गुरु/पुरोहित तथा मोल्वी (इस्लाम धर्मावलम्बीका पुरोहित) लाई सामाजिक सम्मान गर्दै आएको छ।

### ५० ...

गर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना छ। गण्डकी र लुम्बिनी प्रदेशको एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ- मौसमविद् मानन्धरले भने।

जलस्रोत तथा सिँचाइ विभागको तथ्याङ्कअनुसार करिब २५ लाख ३० हजार हेक्टर सिँचाइयोग्य जमिनमध्ये हालसम्म करिब १५ लाख हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने गरी सिँचाइको संरचना निर्माण गरिएको छ। तर करिब एक तिहाइ भूमिमा मात्र वर्षभरि सिँचाइ सुविधा उपलब्ध हुन सकेको विभागद्वारा २०८० चैतमा प्रकाशित ‘जलस्रोत तथा सिँचाइ वार्षिक पुस्तिकामा उल्लेख छ।

हाल ठूला बहुउद्देश्यीय अन्तर-जलाधार जल-पथान्तरणका केही आयोजना निर्माण र केही निर्माणको तयारीका क्रममा छन्। करिब ५० प्रतिशत सिर्जित कृषि क्षेत्र किसानद्वारा व्यवस्थित सिँचाइ प्रणालीमा रहेका छन् - सो पुस्तकमा उल्लेख छ। निर्माण सम्पन्न भइसकेका साना आयोजना जलउपभोक्तालाई हस्तान्तरण गर्ने नीति बमोजिम सम्बन्धित जन उपभोक्तालाई हस्तान्तरण गरिएका छन् र सम्बद्ध संस्थाबाट सञ्चालन भइरहेका पनि छन्। मझौला तथा ठूला सिँचाइ आयोजना भने सरकार तथा जलउपभोक्ता संस्थाको संयुक्त व्यवस्थापनको अवधारणा अनुरूप सञ्चालनमा छन्।

**धान उत्पादनको अवस्था**

कृषि मन्त्रालयको तथ्याङ्कअनुसार चालू आवमा धानको कूल उत्पादन गत आवभन्दा ४ दशमलव ३३ प्रतिशतले वृद्धि भई ५७ लाख २४ हजार दुई सय ३४ मेट्रिक टन पुगेको छ। जुन विगत चार वर्षको औसत उत्पादनको तुलनामा ५ दशमलव ०८ प्रतिशतले बढी हो।

कूल धानबाली भित्र्याइएको क्षेत्रफल गत आवको तुलनामा शून्य दशमलव ६१% अर्थात् आठ हजार आठ सय हेक्टरले कमी भई १४ लाख ३८ हजार नौ सय ८९ हेक्टर कायम हुन पुगेको छ। यो क्षेत्रफल गत चार आवको औसत क्षेत्रफलको तुलनामा एक दशमलव ७३ प्रतिशतले कम हो। धानबालीको औसत उत्पादकत्व गत आवको तुलनामा ४ दशमलव ९७ प्रतिशतले वृद्धि भई ३ दशमलव ९८ मेट्रिक टन प्रतिहेक्टर पुगेको छ। यो गत चार वर्षको औसत उत्पादकत्वभन्दा ६ दशमलव ९२ प्रतिशतले बढी हो।

चालू आवमा धानको उत्पादन कोशी प्रदेशमा बढी रहेको छ भने कर्णाली प्रदेशमा न्यून छ। चालू आवमा उत्पादकत्वतर्फ कोशी प्रदेश ४ दशमलव ४३ मेट्रिक टन प्रतिहेक्टरसहित अग्र स्थानमा रहेको छ भने मधेस प्रदेशमा ३ दशमलव ४९ मेट्रिक टन प्रतिहेक्टरमा सीमित भई न्यून स्थानमा रहन पुग्यो।

गत आवको तुलनामा उत्पादन र उत्पादकत्व वृद्धिका हिसाबले लुम्बिनी प्रदेश अग्रस्थानमा छ। मधेस प्रदेश ऋणात्मक अवस्थामा छ। चालू आवमा धान उत्पादन वृद्धि हुनुमा बीऊको सहजै उपलब्धता र रोग किराको प्रकोपमा कमी, बाढीपहिरोबाट धान बालीमा पर्न जाने नकारात्मक असरमा कमी, मलखादको उपलब्धतामा आएको सुधार, कृषि औजार र प्रविधिको प्रयोग तथा मौसमी अनुकूलतालाई लिइएको छ। मधेस प्रदेशका केही जिल्लामा धान रोप्ने समयमा पर्याप्त वर्षा नभएकाले अरु प्रदेशको तुलनामा उत्पादन र उत्पादकत्वमा ह्रास आएको छ।

### राष्ट्रिय ...

तामाङ भएका थिए। सोही कार्यक्रममा शान्ति कृषक समूहको तर्फबाट परम्परागत खेतीको संरक्षणमा योगदान पुऱ्याउने कृषकहरु गंगा गिरी, टंकबहादुर गहतराज, नरवीर आचार्य, मेघनाथ खतिवडा र लोकनाथ वाग्लेलाई एक-एक थान रेनकोट वितरण गरिएको थियो। उपप्रमुख खड्गमाया पराजुली, वडाध्यक्ष उपेन्द्र बस्नेतलगायतले बोलेको कार्यक्रममा अर्जुनधारा-३ स्थित मनकामना महिला नौमती बाजा समूहले बेठी प्रस्तुत गरेको थियो। शान्ति कृषक समूहले स्वागत गीत प्रस्तुत गरेको कार्यक्रमको सञ्चालन शाखा प्रमुख एञ्जिला बेडारीले गरेकी थिइन्।

**असार १५ बालगृहमा**

बालगृहका बालबालिकाहरु नयाँ-नयाँ लुगा लगाएर बसेका थिए। त्यही बेला शनिश्चरे अस्पतालका एच ए एवम् दाहाल मेडिकल अर्जुनधारा -११ का प्रमुख खेमराज दाहाल आइपुगे। उनीहरुलाई बालबालिकाले स्वागत गरे। बन्दी सहायता नेपाल अर्जुनधारा -११ द्वारा सञ्चालित मनमाया आमा, गङ्गा आमा तथा जंगल गार्डेन ब्वाइज होमका गरी २५ जना कारागार जीवन बिताइरहेका अभिभावकका आश्रित बालबालिका एवम् असहायहरुलाई असार १५ को महत्व बुझाउँदै दहीच्यूरा, जुस लगायत खुवाएर दाहालले आफ्नो जन्मोत्सव मनाएका थिए।

मासिक रूपमा बालगृहका बालबालिकाहरुको स्वास्थ्य उपचार पनि उनले नै गर्दै आएका छन्। उनीहरुको अवस्था र परिस्थितिलाई बुझेर उनीहरुसँग बसेर खुसी साट्न मन भएर नै मैले आज घरमा भन्दा पनि यही बालगृहमा जन्मदिन मनाउने निर्णय गरेँ -उनले भने।

प्रत्येक बर्ष कोही न कोही दाता आउने र बालबालिकालाई चाडको महत्वसँगै खुसी बनाउँछन्। यही क्रममा अर्जुनधाराका स्वास्थ्यकर्मी दाहालले हामीलाई एकदिन अघि खबर गरे पछि बालबालिकालाई आज कसले खुवाउँदैछ भन्ने जानकारी गराएनौं। उहाँ आए पछि मात्र हामीलाई सुईले दुखाउने डाक्टर सर पो आउनु भएछ भनेर नानी अब्जल मियाले भने।

कार्यक्रममा उनीहरुको अनुहार हँसिलो बनाउनुका साथै संस्थाको व्ययभारलाई सहयोग गरेकोमा सहयोगी दाता खेमराज दाहाल , उनका दाजु तोयानाथ दाहाललाई संस्थाको तर्फबाट बन्दी सहायता नेपाल पूर्वाञ्चल शाखा अध्यक्ष जगतबहादुर मगर, सचिव रञ्जित परियार लगायतले शुभकामनासहित धन्यवाद दिएका थिए।

### कोशीमा ...

भोजपुरमा २७, तेह्रथुममा २५, धनकुटामा १२, उदयपुरमा १५ दशमलव २५ प्रतिशत, ओखलढुङ्गामा १२ दशमलव २५ प्रतिशत र खोटाङमा १३ दशमलव ४० प्रतिशत रोपाइँ भएको कृषि विकास निर्देशनालयले जनाएको छ।

असार १५ गते ‘जलवायुमैत्री कृषि, धान उत्पादनमा वृद्धि’ भन्ने मूल नाराका साथ २१औं राष्ट्रिय धान दिवस मनाइएको कृषि विकास निर्देशनालय कोशी प्रदेशका प्रमुख प्रकाशकुमार डाँगीले जानकारी दिए। विगतका तुलनामा कम रोपाइँ भए पनि यसवर्ष धानमा हाल्ने रासायनिक मलको भने अभाव नरहेको उनले बताए।

राष्ट्रिय धान दिवसको अवसरमा मोरङको जहदा गाउँपालिकास्थित कृषि ज्ञान केन्द्र मोरङको आयोजनामा धान रोपाइँ कार्यक्रम सम्पन्न भएको कृषि ज्ञान केन्द्र मोरङका प्रमुख रामदेव सिंहले जानकारी दिए।

कार्यक्रममा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीलगायतको सहभागिता रहेको प्रमुख सिंहले बताए।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

### सानो झिल्को पनि भयानक हुन्छ

**झापाको सदरमुकाम भद्रपुर जाने मुख्य सडकको स्तरोन्नतिको काममा ढिलाइ हुँदा अनेक सास्ती खेपेका स्थानीयले सडकमै ढाट तेर्स्याएर सडक अबरुद्ध गरे । स्थानीयको पीडालाई आत्मसात गर्दै स्थानीय सरकारका प्रतिनिधिहरु नै सहभागी भई निर्माण कम्पनी र सरकारलाई दवाव दिए । नगर प्रमुख गणेश पोखरेल, सम्बन्धित वडाका वडाध्यक्ष समेत सहभागी भएर स्थानीयको पीडा र दवावलाई समर्थन गर्नुपर्ने परिस्थिति संघ र प्रदेश सरकारका लागि लाज लाग्ने विषय हो । २०७७ माघ ६ गते सडक निर्माण र स्तरोन्नति गर्न ठेक्का पाएको काठमाडौंको कन्टेक्ट प्रालिले तीस महिनासम्ममा निर्माण सम्पन्न गर्ने सम्झौता गरेको थियो । निर्धारित समयमा काम पूरा गर्न नसक्दा म्याद पनि थपिएको थियो । दुई पटक म्याद थप गरेको कम्पनीले अहिलेसम्ममा चालीस प्रतिशतमात्र काम गरेको बताइएको छ ।**

**जिल्लाका प्रशासनिक कार्यालयहरु रहेको भद्रपुर जाने मुख्य सडक भएकाले दिनहुँ सयौंको संख्यामा सवारीसाधन सञ्चालन हुन्छन् । त्यसमाथि पूर्वको एउटा मात्र व्यवस्थित हवाई मैदान भएका कारण सडकमा सधैँ चाप रहन्छ । उक्त सडकको समेत रेखदेख गर्ने अख्तियारी पाएको सडक डिभिजन कार्यालय दमकका प्रमुख सुरेश पौडेलले थपिएको म्याद अनुसार यही वर्षको पुस मसान्तसम्ममा निर्माण सम्पन्न गर्नुपर्नेछ । अन्यथा निर्माण कम्पनीलाई कानूनी कारवाही गरिने उनले चेतावनी नै दिएका छन् । दुई चरणमा निर्माण सम्पन्न गर्ने गरी काम थालेको कम्पनीले ढिलासुस्ती गर्दा सडक क्षेत्रका स्थानीयले धुलो, हिलोको सामना गरिरहनु परेको भन्दै स्थानीय फेरि आन्दोलित हुनुपर्ने बाध्यताका बीच संकेत नै भए पनि यो आक्रोशको झिल्को हो ।**

**लामो समयदेखि मर्मतसम्भार नभइरहेको सो सडक चार लेनको बनाउने निर्णयले स्थानीय हर्षित थिए । तर, चार वर्षमा पनि काम सम्पन्न नभएर हिउँदमा धुलो, वर्षामा हिलो र आवागमनमा कष्ट व्यहोर्नु परेका स्थानीयले यसअघि सभामुखदेखि प्रदेश तथा संघीय सरकारलाई समेत गुहारिसकेका छन् । तर, सबै प्रयास विफल भएपछि स्थानीयसँगको सहकार्यमा स्थानीय सरकार नै सडक बन्द गराउन लागेको नगर प्रमुख पोखरेलले बताएका छन् । दोस्रो चरणको भद्रपुर क्षेत्रको तीन किलोमिटर सडक जीर्ण हुँदा एकातिर स्थानीय र यात्रीलाई सास्ती भएको छ भने अर्कातिर दुर्घटनाको जोखिम पनि बढेको छ । यस्तोमा बिर्तामोड खण्डमै अलमलिएको निर्माण कम्पनी र संघीय सरकारलाई दवाव दिन गरिएको बन्दप्रति भद्रपुर जानुपर्ने सबैको समर्थन रहन्छ । यद्यपि बन्द साङ्केतिक हो, तर भनिन्छ नि- जान्नेलाई इशारा नै काफी हुन्छ । सरकार नै सरकार विरोधी हुनुपर्ने अवस्थाको अन्त्य होस् र निर्माण कार्यले तीव्रता पाओस् ।**

# चुरे क्षेत्रको संरक्षण



**यज्ञनाथ दाहाल**

जैविक विविधताको संरक्षण र पारिस्थितिकीय सेवाको उपलब्धता, आर्थिक तथा सामाजिक उन्नतिको आधार, जलवायु परिवर्तनले निम्त्याउने जोखिम न्यूनीकरण, स्थानीय समुदाय तथा इकोसिस्टमको जलवायु उत्थानशीलता, तराई क्षेत्रको आर्थिक, सामाजिक तथा वातावरणीय उन्नयन जस्ता पक्षबाट केलाउँदा चुरे क्षेत्र संवेदनशील भूमि हो । चुरेको विषयमा लामो समयदेखि बहस र छलफल भएको छ । वि.सं. २०२७ मा ल्याइएको चौथो आवधिक योजनादेखि चुरेको विषयमा केही न केही भनिएको र गरिएको करिब ५४ वर्षको लामो समय व्यतीत भइसक्दा पनि चुरे क्षेत्रको संरक्षण, सम्बर्द्धन र व्यवस्थापनमा गहकिलो कार्यसम्पादनको अभाव अझै देखिन्छ । चुरे क्षेत्रका योजनाको कार्यान्वयनमा अनवरत असफल भएको कुरा चुरेको क्षेत्रमा गरिएको ५४ वर्षदेखिको छलफल, बहस तथा लगानीले समेत पुष्टि गर्छ । आर्थिक वर्ष २०६६/७६ देखि चुरे क्षेत्रमा विशेष प्रकारले कार्यक्रम कार्यान्वयन गर्दै वि.सं. २०७१ असार २ गतेको नेपाल सरकारको निर्णय अनुसार राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति मार्फत राष्ट्रिय गौरवको आयोजनाका रूपमा चुरे क्षेत्रको व्यवस्थापन गरिएको छ ।

वि.सं. २०७४ मा यो क्षेत्रका लागि २० वर्षे चुरे गुरुयोजनाको स्वीकृत गरी सो योजनाको एक अवधिको मूल्याङ्कन समेत भइसकेको छ । वि.सं. २०६६ देखि हालसम्म १५ अर्बभन्दा बढी रकमको खर्च चुरे संरक्षणको नाममा भइसकेको छ । यत्रो लगानी र संरक्षणको इतिहास बोकेको चुरे क्षेत्रमा प्रभावकारिता भने अझ देखिन सकेको छैन । चुरे क्षेत्रमा बर्सेनि लाग्ने वन डढेलोमा न्यूनताभन्दा बढोत्तरी भएर गएको छ । चुरे क्षेत्र भएर जाने फराकिला राजमार्ग र उत्तरदक्षिण जोड्ने छोटा बाटोघाटोको निर्माणबाट भूक्षय, भूस्खलन र प्राकृतिक विपत्तिका घटना वृद्धि भई नै रहेको छ । चुरेमा भएका वन क्षेत्रमा अतिक्रमण रोकिएको छैन, जारी नै छ । चरिचरणको दबाब घटेको छैन, उत्तिकै छ । चुरेको विनाशले निम्त्याएको परिणति स्वरूप तराईमा नदीकटान, नदी डुबान, सुक्खा मौसममा चापाकल, इनार, धारा र पानी कुवामा हुने पानीको अभावले लाखौँ मानिस प्रभावित हुने क्रम रोकिएको छैन, बर्सेनि बढेर गएको छ ।

चुरे क्षेत्रको आसपासबाट ढुङ्गा, गिटी, बालुवा जस्ता नदीजन्य पदार्थको अवैधानिक सङ्कलन र ओसारपसार भई नै रहेको छ । सयौँ अवैध क्रसर उद्योग चलिरहेका छन् । चुरे जोगाउन भनेर स्थानीय समुदाय उद्वेलित र आन्दोलित भएका छन् । वन जोगाउन भारतमा भएको चिप्को आन्दोलनलाई सम्झाउने गरी तराईका जनसमुदाय तराईदेखि काठमाडौँसम्मको पैदलयात्रा मार्फत मुलुकभित्र मात्र होइन अन्तर्राष्ट्रिय समुदायको ध्यान खिच्न समेत लागिपरेका छन् । स्थितिको गाम्भिर्यतालाई स्थानीयबासीले बुझ्दै गएको आभास यस्ता गतिविधिबाट ज्ञात गर्न सकिन्छ ।

**रणनीति र योजना**

चुरे क्षेत्रको संवदेनशीलता, महत्व र यथार्थ आयाममा सरोकारवाला समुदायदेखि स्थानीय, प्रदेश र केन्द्र सरकार अब जानकारविहीन छैनन् । देशका प्रबुद्ध वर्गदेखि योजनाकार, वातावरणविद्देखि सामाजिक अभियान्तसम्म सबै नै चुरे क्षेत्रको विषयमा अब अनभिज्ञ रहेनन् । चुरे क्षेत्रको निमित्त न योजनाको अभाव छ, न त जनसमुदाय परिचालनको नै कमी छ । सञ्चारका साधनले चुरेको विषयमा ब्यानर न्युज नबनाएको घट्नै छैन । पूर्व राष्ट्रपतिदेखि वर्तमानसम्मका, विधायकदेखि मन्त्री सबै नै चुरे क्षेत्रमा के भइरहेको छ, केको कमी छ र अब के गर्नुपर्छ भन्ने विषय उपर द्विविधामा भए जस्तो लाग्दैन । त्यसो हो भने कहाँनिर कमजोरी छन् त ?

चुरे क्षेत्रमा कार्यान्वयन गरिएका प्रत्येक योजना र कार्यक्रमको मिहिनरूपमा केस्रा-केस्रा केलाएर मूल्याङ्कन र विश्लेषण गर्नु नितान्त जरुरी भइसकेको छ । योजना तर्जुमा, कार्यक्रम विन्यास र कार्यान्वयन, बजेटको व्यवस्था र सामर्थ्य, संस्थागत प्रबन्ध र जनशक्ति परिचालन यावत् पक्षमा वस्तुपरक विश्लेषण शीघ्रातिशीघ्र गरी त्यसपछि प्रभावकारी नीति अवलम्बन गर्न अब ढिलाइ गर्न हुन्न ।



मुलुक सङ्घीय प्रणालीमा गई सकेपछि चुरे क्षेत्र लगायतका प्राकृतिक स्रोतको संरक्षण, संवर्धन र व्यवस्थापन गर्ने अधिकार केन्द्र अन्तर्गत राखिरहने कदापि होइन । केन्द्र सरकारले दीर्घकालीन सोच लिएर प्राकृतिक स्रोतका विषयमा आधारभूत कस्ता कस्ता नीति, रणनीति र योजना लिने हो सोको मात्र जिम्मेवारी लिने हो । वन, माटो, भूमि, जलाधार, जडीबुटी, जीवजन्तु कसरी जोगाउने हो, त्यसको जिम्मा प्रदेश सरकार र स्थानीय तहलाई नै सुम्पिनु बढी सान्दर्भिक र व्यावहारिक हुन्छ । कुन ठाउँको कस्तो भूमि हो, त्यहाँ कुन बिरुवा र संरचना बनाएर माटो जोगिन्छ र पानीको बहाव स्वच्छ हुन्छ भन्ने केन्द्र सरकारलाई जानकारी हुने र उसैले व्यवस्थापनको जिम्मेवारी लिने विषय हो र ? यो त प्रदेश र स्थानीय तहको विषय होइन र ? यसका लागि नै मुलुक सङ्घीय प्रणालीमा गएको होला नि !

वर्तमानको राष्ट्रपति चुरे तराई मधेश संरक्षण समितिको सट्टामा सातै वटा प्रदेशमा चुरेक्षेत्र हेर्ने प्रदेशको वन तथा वातावरण क्षेत्र हेर्ने मन्त्रालयमा रहने गरी एउटा स्थायी संरचाना स्थापित गर्न उपयुक्त हुन्छ । यस्तो संरचना स्थापित गरेपछि सोका लागि चाहिने अत्याश्यक जनशक्ति, बजेट, भौतिक स्रोत र कार्यविधिको समेत निर्धारण गरी सोही संरचनालाई चुरे क्षेत्रको मूलभूत संरक्षणको जिम्मेवारी दिने गरी तोक्नु पर्छ ।

स्थानीय वातावरणको संरक्षण गर्नु स्थानीय तहको प्रमुख जिम्मेवारी हो । वातावरणमा क्षति ल्याउने प्रमुख कार्य पनि स्थानीयबाटै हुने हुँदा यस्तो क्षतिको क्षतिपूर्ति पनि जसले बिगारेको हो, त्यसैबाट गर्दा न्यायसङ्गत हुन्छ । चुरे क्षेत्रमा पर्ने प्रत्येक स्थानीय तहको वार्षिक बजेटको निश्चित प्रतिशत खर्च चुरेको संरक्षणका लागि अनिवार्य गर्ने गरी कानूनमा नै बन्दोबस्त मिलाउन अब ढिला गर्नुहुन्न । यसका लागि प्रदेश सरकारले प्राविधिक सेवा र दक्ष जनशक्तिको बन्दबस्त स्थानीय तहलाई मिलाइ दिनुपर्ने हुन्छ । चुरे क्षेत्रको विषयमा प्रदेश सरकार र स्थानीय तह सँगसँगै बसेर योजनाको तर्जुमा गर्ने गरी आवश्यक संयन्त्रको व्यवस्था मिलाउनु पर्छ । यस्ता योजना कार्यान्वयनमा प्रदेश र स्थानीय तहले प्रभावकारी समन्वयात्मक पद्धतिको अनुसरण गर्नुपर्छ ।

चुरे क्षेत्रमा करिब तीन हजारको हाराहारीमा सामुदायिक वन उपभोक्ता समूह गठन भई वनको व्यवस्थापन गरिरहेका छन् । तिनका प्रत्येक वन व्यवस्थापन कार्ययोजना पुनरवलोकन गरी चुरे क्षेत्र संवेदनशीलमैत्री तुल्याउन नितान्त आवश्यक छ । यस्तो कार्य गर्दा प्रदेश सरकार, स्थानीय पालिका र सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह एकै ठाउँमा बसेर वन कार्ययोजनाको पुनरवलोकन गर्नुपर्छ । सामुदायिक वनका कार्यायोजना कार्यान्वयन गर्दा वन उपभोक्ता समूहहरूले आफ्नो स्थानीय तहको सल्लाह र समन्वयमा गर्ने गरी कानूनी व्यवस्था मिलाउनुपर्छ । स्थानीय विकासको प्रमुख जिम्मेवारी स्थानीय तहमा रहेकाले सामुदायिक वन समूह यसभन्दा अलग हुने कुरा नै होइन । अब सामुदायिक वन समूहहरू स्थानीय तहको प्रमुख सुवरीवेक्षणमा रहनु पर्छ । चुरे क्षेत्रलाई संवेदनशीलताका आधारमा अति संवेदनशील, संवेदनशील र सामान्य गरी तीन वटा वर्गमा विभाजन गरेर अति संवेदनशील र संवेदनशील क्षेत्रमा अनवरत हरियाली कायम हुने गरी जमिन ढाक्ने प्रयोजनार्थ प्राकृतिक स्रोत व्यवस्थापनको कार्य सञ्चालन गर्नु पर्छ ।

चुरे क्षेत्रमा कृषि कार्य गर्दा माटो खोस्रिनेभन्दा बाहेकको खेती प्रणालीको अवलम्बन र प्रभावकारी रूपमा कृषि वन प्रणालीको अवलम्बन गर्नुपर्छ । चुरे क्षेत्रका प्रत्येक खोला र नदीमा नदी तटबन्ध र वृक्षरोपणको अभियान सञ्चालन गर्नुपर्छ । वर्षाको पानी सङ्कलन गर्ने खालका बृहत् पोखरी निर्माणको कार्य अभियानकै रूपमा सञ्चालन गरी दशौँ हजार पोखरी चुरे क्षेत्रमा निर्माण गर्नुपर्छ । चुरे र भावर क्षेत्रको तीन किलोमिटर क्षेत्रभित्रबाट ढुङ्गा, गिटी, बालुवा जस्ता नदीजन्य पदार्थको निष्कासन र ओसारपसारमा पूर्ण प्रतिबन्ध लगाई यो सीमाभन्दा परको क्षेत्रबाट वातावरणीय प्रभाव अध्ययन प्रतिवेदनले तोके अनुसार त्यस्ता पदार्थको सङ्कलन र ओसारपसार गर्ने, क्रसर उद्योग सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्छ । वन डढेलो र चरिचरण नियन्त्रणलाई प्रभावकारी बनाउनु पर्छ । चुरे क्षेत्रमा गरिने भौतिक पूर्वाधार निर्माणको कार्यलाई वातावरण मैत्री तुल्याउन यस्ता योजनाको वातावरणीय प्रभाव मूल्याङ्कन गरी सोको आधारमा मात्र गर्ने गरी आवश्यक व्यवस्था मिलाउनु जरुरी हुन्छ ।

भौगोलिक क्षेत्र विभाजन प्रमुखतः तराई, चुरे, मध्यपहाड, उच्च पहाड र हिमाली भेगमध्ये भूबनोट, वातावरणीय संवेदनशीलता, आर्थिक तथा सामाजिक आयाम जस्ता दृष्टिकोणबाट चुरे शृंखला महत्वपूर्ण क्षेत्र हो । उत्पत्तिका आधारमा सबैभन्दा पछि निर्माण भएको यो कान्छो, कोमल, कमजोर र नाजुक भूमि भएको क्षेत्रका रूपमा चिनिन्छ । चुरे क्षेत्र पूर्वमा ब्रह्मपुत्र नदीदेखि पश्चिम एन्डिज पर्वतसम्म फैलिएको छ । नेपालमा भने पूर्वको झापादेखि पश्चिमको कञ्चनपुरसम्म लमतन्न तन्किएर मुलुकभित्रका ७७ जिल्ला मध्ये ३७ जिल्लामा समेटिएर कुल भू-भागको करिब १३ प्रतिशत अंश ओगटेको छ ।

नेपालका सात सय ५३ मध्ये तीन सय २० स्थानीय तहमा चुरे क्षेत्रको उपस्थिति छ भने तराई र चुरे क्षेत्र गरी नेपालको ६० प्रतिशतभन्दा बढी जनसंख्याको जीवन आधारका रूपमा रहेको छ । चुरेमा करिब ७३ प्रतिशत भू-भाग वनजङ्गलले ढाकेको छ भने यसमा रहेको पडाडी चुचुरा दुई सय मिटरदेखि करिब एक हजार तीन सय मिटरसम्म अग्ला छन् । करिब आठ सय किलोमिटरसम्म तन्किएको चुरे क्षेत्रको उत्तर-दक्षिण फैलावट भने १० देखि ५० किलोमिटरसम्म रहेको छ । जमिनको भिरालोपन ६६ डिग्रीसम्म तेर्सिएको पाइन्छ । पछिल्लो अध्ययनले देखाए अनुसार नेपालमा पाइने करिब ३० हजार प्रजातिका जङ्गली जीवजन्तु तथा वनस्पतिमध्ये चुरे क्षेत्रमा एक हजार पाँच सय भन्दा बढी नै प्रजातिका जीवजन्तु तथा वनस्तपति पाइने अनुमान छ । यस्ता प्रजातिहरू मध्ये नेपालमा करिब पाँच सय प्रजाति सङ्कटापन्न रहेकोमा त्यस्ता तीन सय प्रजाति यही चुरे शृंखलामा पाइने अनुमान छ । एक सय ६४ वटा महत्वपूर्ण नदी प्रणाली चुरे क्षेत्रका संवेदनशील जलाधार हुन् । *गोप*

# सिप विकास तालिम सम्पन्न

**बिर्तामोड, असार १५।** बिर्तामोड नगरपालिकाको आर्थिक सहयोगमा आयोजना गरिएको निःशुल्क महिला लक्षित सिप विकास तालिम सम्पन्न भएको छ ।

वडा नम्बर ३ मा जेठ १३ गतेदेखि आयोजना गरिएको एक महिने तालिम सम्पन्न भएको हो । तालिममा प्रत्येक वडाबाट दुई-दुई जनाका दरले २० जना महिलाको सहभागिता रहेको थियो । तालिम पशुपति टेक्निकल कलेज प्रालिले आयोजना गरेको हो ।

तालिममा सहभागीहरुलाई कार्यक्रमकी प्रमुख अतिथि नगर प्रमुख पवित्रा महतारा प्रसाईले प्रमाण पत्र प्रदान गरे । कार्यक्रममा बोल्दै नगर प्रमुख प्रसाईले स्वरोजगार बनाउने उद्देश्यले आयोजना गरिएको तालिमलाई व्यवहारमा उतार्न आग्रह गरिन् । स्वदेशमा स्वरोजगार बन्नका लागि र विदेश जानको लागि पनि तालिम उपयोगी रहेको भन्दै दक्षता हासिल गर्न आग्रह गरिन् ।

सहभागीलाई सुजन राईले प्रशिक्षण दिएको हो । नगरपालिकाको महिला तथा बालबालिका शाखाको सहयोगमा बारिस्ता, लोकसेवा तयारी कक्षा, विद्यालयहरुमा किशोरी आत्मरक्षा, लागूऔषध दुर्व्यसनी नियन्त्रण लगायतका कार्यक्रम सञ्चालन भएको शाखा प्रमुख पुष्पा कार्कीले जानकारी दिए ।

कार्यक्रममा पशुपति टेक्निकल कलेजका अमर पूर्वीया, नगरका रोजगार शाखा प्रमुख होमनाथ भट्टराई लगायतको उपस्थिति रहेको छ ।

# अपाङ्ग रोकथाम तथा पुनःस्थापना कार्यक्रम सम्झौता

**कमल, असार १५।** कमल गाउँपालिका तथा करुणा फाउन्डेशन नेपाल बिच अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम कार्यान्वयनका लागि सम्झौता भएको छ ।

सामाजिक विकास मन्त्रालय कोशी प्रदेश, कमल गाउँपालिका तथा अपाङ्गताको क्षेत्रमा लामो समयदेखि काम गर्दै आएको करुणा फाउन्डेशन नेपालको त्रिपक्षीय लागत साझेदारी तथा राष्ट्रिय अपाङ्ग महासंघ नेपालको प्रविधिको सहयोग रहनेछ ।

कमल गाउँपालिका तर्फबाट अध्यक्ष हुकुमसिंह राई र करुणा फाउन्डेशन नेपालका निर्देशक योगेन्द्र गिरीले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् । त्यस्तै पालिकाका तर्फबाट उपाध्यक्ष प्रमिला न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत राजकुमार शाक्य र करुणाको तर्फबाट व्यवस्थापक सन्तोष घिमिरे, पालिका संयोजक बीना थापा तथा कमल अपाङ्गता समितिका अध्यक्ष पिताम्बर खड्का लगायतले सम्झौता पत्रमा हस्ताक्षर गरेका थिए ।




सम्झौता पत्रमा हस्ताक्षरपछि बोल्दै गाउँपालिकाका अध्यक्ष राईले गाउँपालिकामा अपाङ्गता रोकथाम तथा पुनःस्थापनालाई पालिकाले आफ्नो बजेट र स्रोतसाधनले भ्याएसम्म काम गरिरहेका थियौं भने विद्यालयमा काम गर्न हामीलाई निकै समस्या थियो । त्रिपक्षीय लागत साझेदारी पत्र हस्ताक्षर भएकोले अपाङ्गताको क्षेत्रमा आगामी दिनमा कार्यक्रम सञ्चालन गर्न सहज हुने गाउँपालिका अध्यक्ष हुकुमसिंह राईले बताए ।

कार्यक्रममा कमल गाउँपालिका उपाध्यक्ष न्यौपाने तिवारीले अपाङ्गता भएका व्यक्तिलाई पुनः स्थापना र अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सञ्चालनार्थ ठूलो सहयोग पुग्ने बताए ।

त्यस्तै कुनै पनि व्यक्ति जन्मदै अपाङ्गता भएर नजन्मिउन् वा जन्मिएपछि हुर्कने क्रममा कुनै कारणले अपाङ्गता बन्नु नपरोस् भनेर यो क्षेत्रमा हामी काम गरिरहेको छौं । तर, यति गर्दागर्दै पनि समाजमा अपाङ्गता भएका व्यक्तिले विभिन्न कारणले अपहेलित हुनु परेको छ । त्यसलाई न्यूनीकरण गर्दै अपाङ्गता भएका व्यक्तिलाई आमनागरिक सरह जीवन जिउन सकोस् भन्ने उद्देश्य राखेर हामीले यो पालिकाका कार्यक्रम सञ्चालन गरेको करुणा फाउण्डेशन नेपालका निर्देशक योगेन्द्र गिरीले बताए ।

राष्ट्रिय अपाङ्ग महासङ्घले अपाङ्गता अधिकार सम्बन्धी बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिनियमलाई पालना गर्दै अपाङ्गता भएका क्षेत्रमा गाउँपालिकासँग नजिक रहेर काम गरिरहेको राष्ट्रिय अपाङ्ग महासङ्घका केन्द्रिय सदस्य मदन बोहोराले बताए । राष्ट्रिय अपाङ्ग महासङ्घले अपाङ्गता अधिकार सम्बन्धी बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिनियमलाई पालना गर्दै अपाङ्गता भएका क्षेत्रमा गाउँपालिकासँग नजिक रहेर काम गरिरहेको छ । त्यसैले यो कार्यक्रम सञ्चालन गर्नका लागि महासङ्घको तर्फबाट पूर्णरुपमा सहयोग गर्ने राष्ट्रिय अपाङ्ग महासङ्घका केन्द्रिय सदस्य मदन बोहोराले बताए ।

कमल गाउँपालिकामा जम्मा एक हजार एक सय ३० जना अपाङ्गता भएका व्यक्ति रहेका छन् । जसमध्ये सात जनाको अपाङ्गताको परिचयपत्र बनेको छ । विद्यालय जाने उमेरका ९९ जना रहे पनि १६ जनामात्र विद्यालय जाने गरेको कमल अपाङ्गता समितिका अध्यक्ष पिताम्बर खड्काले बताए । सम्झौता कार्यपालिका सदस्यहरू, पालिकामा रहेका विभिन्न शाखाका प्रमुखहरू, अपाङ्गता भएका व्यक्तिहरूको समुहका प्रतिनिधिहरू तथा राष्ट्रिय अपाङ्ग महासङ्घका प्रतिनिधि लगायतको उपस्थितिमा भएको थियो ।

कार्यक्रमले जन्मजात हुने अपाङ्गता न्यूनीकरण तथा जन्म पश्चात विकसित हुने अपाङ्गताको रोकथाम र अपाङ्गता भएका व्यक्तिको पुनःस्थापना लगायतका कार्यक्रम सञ्चालन गर्नेछ । अपाङ्गता भएका व्यक्तिको तथा अपाङ्गता भएका व्यक्तिको परिवारको जीविकोपार्जन, शिक्षा, स्वास्थ्य लगायत सायक सामग्रीको व्यवस्थापन तथा बिभिन्न क्षमता विकास साथै विविध तालिम समेत प्रदान गर्ने करुणा फाउन्डेशन नेपालका व्यवस्थापक सन्तोष घिमिरेले बताए ।

कार्यक्रम श्रावण १ गतेदेखि सञ्चालन भइ २०८४ असार मसान्तसम्म (तीन वर्षको अवधिसम्म) सञ्चालन हुने सम्झौतामा बताइएको छ । यो कार्यक्रम झापा जिल्लाका १५ वटै स्थानीय तहमा सम्झौता हुने र हाल सम्म कन्काई नगरपालिका, गौरादह नगरपालिका, शिवसतासी नगरपालिकामा सम्झौता भइसकेको बताइएको छ । शिक्षा शाखाका प्राविधिक रविन गौतमले सञ्चालन गरेको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत राजकुमार शाक्यले स्वागत तथा औचित्यमाथि प्रकाश पारेका थिए ।

राष्ट्रिय धान दिवस तथा असार १५ सामुहिक रुपमा रोपाइँ तथा दही–चिउरा खाएर झापासहित देशभर मनाइएको छ । शनिबार झापाका विभिन्न स्थानमा सामुहिक रुपमा रोपाइँ गरेर राष्ट्रिय धान दिवस मनाइएको छ । जिल्लाका विभिन्न स्थानमा भएका रोपाइँका झलकहरु ।

तस्वीर : विनोद पाण्डे/पूर्वाञ्चल












# अखिल नेपाल किसान महासंघद्वारा सामुहिक रोपाइँ



**कालिस्थान, असार १५।** नेकपा माओवादी केन्द्र निकट अखिल नेपाल किसान महासंघले २१औं राष्ट्रिय धान दिवस मनाएको छ ।

पूर्वेली संगठन सुदृढीकरण अभियान अन्तर्गत किसान महासंघ जिल्ला तथा अर्जुनधारा नगर कमिटीको संयुक्त आयोजनामा अर्जुनधारा-१० स्थित कालिस्थानमा धान दिवस मनाइएको हो ।

मौलिक नेपाली पञ्चे बाजाको असारे भाका बजाउँदै टेकेन्द्र लावतीको खेतमा रोपाइ गर्न निस्कदा कार्यक्रममा उपस्थित सबै स्वतःस्फूर्त रुपमा नाच्दै-गाउँदै धान रोप्न उत्साहित देखिन्थ्ये । असारे भाकासँगै बेठी शुरु गर्दा कार्यक्रममा उपस्थित स्थानीयले पनि बेठीको आवाज सुनेपछि एक दुई गाभो भए पनि रोप्नुपर्छ भन्दै खेतमा धान रोप्न पुगेका थिए ।

किसान महासंघका झापा अध्यक्ष शंकर सेढाईको सभापतित्वमा भएको कार्यक्रममा केन्द्रीय सदस्य लक्ष्मी न्यौपाने ‘सरु’ रहेकी थिइन् ।

कार्यक्रममा केन्द्रीय सदस्य हरिकुमार राना, वडा नं. १० का वडाध्यक्ष भुपेन्द्र न्यौपाने, किसान महासंघ प्रदेश अध्यक्ष घनश्याम थापा, पार्टी नगर अध्यक्ष नारद तामाङ, तारा सुवेदी, सन्तोष थापा, विद्यार्थी नेता अनिल सुवेदी लगायतको आतिथ्य रहेको थियो । रोपाइँ कार्यक्रममा बालकदेखि वृद्धसम्म उत्साहितरुपमा उपस्थित भएका थिए ।


सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**



बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।


# खाद्यान्नको मूल्य वृद्धि

**झापा, असार १५।** सङ्कटग्रस्त श्रीलङ्काको वार्षिक मुद्रास्फीति मे को ०.९ प्रतिशतको तुलनामा जुनमा करिब दोब्बर भएर १.७ प्रतिशत पुगेको छ ।

ऋणदातासँग १० अर्ब अमेरिकी डलरको ऋणको पुनर्संरचना गर्न सम्झौता गरेको केही दिनपछि जनगणना तथा तथ्याङ्क विभागको यो तथ्याङ्क सार्वजनिक भएको हो । खाद्यान्नमा अघिल्लो वर्षको जुनको तुलनामा १.०४ प्रतिशतले मूल्य वृद्धि भएको विभागले जनाएको छ ।

सन् २०२२ मा श्रीलङ्काले आफ्नो विदेशी ऋण नतिरेपछि आर्थिक सङ्कट उत्कर्षमा पुगेको बेला मुद्रास्फिति बढेर करिब ७० प्रतिशत पुगेको थियो । श्रीलङ्काको केन्द्रीय बैंकले सन् २०२४ का लागि समग्र मुद्रास्फीति ५.० प्रतिशतभन्दा तल राख्न सक्षम हुने आशा व्यक्त गरेको छ ।


**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर

देवराज गिरी
९७०६१९६४०६
९८४२०७०५८६

विशाल हरिजन
९८१४९१७७११
९८४२७३३६१२

**बराल ट्याक्सी सर्भिस**

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष
९८०६०१८१७४
९८४०३८७६७५

जीवन कार्की
९८१६९४०१७३
मे १ ज १६७०


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
# मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| देवीमाया पोखरेल (दाहाल) | दमक-५/१५ | १२२<br>१२३ | १४.३२<br>२१३.६८ | रामबहादुर कुमर/रामबहादुर मगर |
| महेश्वर सापकोटा | गरामनी-४ | ६६<br>१८ | १७७.००<br>४९०२.४५ | धौवा सतारल मिया/धोवो मुर्मु सतार |
| चलाकी राजवंशी | महाभारा-६ | ५२ | ०-९-१५ | बृजलाल राजवंशी |
| भोजकुमारी खनाल | जुरोपानी-१ | ३७२ | १६९२.९२ | मेदर पटवारी/मोहरलाल राजवंशी |
| शिवकुमार खड्का | तोपगाछी-२ | १८१९<br>१८२२<br>१८२६<br>१८२८<br>१८२४ | ०-६-०<br>०-९-०<br>०-०-१२<br>०-०-२.५<br>०-३-१५ | दसनु थारु/बसनु थारु<br>"<br>"<br>" |
| सूर्यबहादुर खड्का | तोपगाछी-२ | १८२०<br>१८२७<br>१८२३<br>१८२५ | ०-२-०<br>०-२-५<br>०-१-१५<br>०-१२-० | दसनु थारु/बसनु थारु<br>"<br>"<br>" |


**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

नेपालीहरुको लागि भरपर्दो सेवा
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त–८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

*नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।*
Youtube Channel : Nishat M jotic kendra




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
आज त्यति अनुकूल रहेको छैन, अनावश्यक यात्रा तथा खर्च हुन सक्छ, स्वास्थ्यको विशेष ध्यान दिनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
स्वास्थ्यमा ध्यान दिनुहोला, सहयोगीहरूले साथ दिनेछन्, लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ, राम्रो जमघटकासाथ मिष्ठान्न भोजनको योग रहेको छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
सन्तान पक्षबाट सुखद् खबर सुनिनेछ, नचिताएको ठाउँमा रमाइलो यात्रा हुन सक्नेछ, पति-पत्निबीचको सम्बन्ध कसिलो बनेर जानेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्तीको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइने छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनुपर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ ।